Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

## तु - होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१७, ▶▶ अंक १० भदौ २७ गते आइतबार,२०७८, Septmber–12 Sunday 2021,यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/-www.majhkharka.com

# एमसीसी बिरुद्ध बिप्लवले कडा आन्दोलन गर्ने

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ २६*

नेपाल कम्युनिष्ट पार्टी (विप्लवले) एमसीसी विरुद्ध २८ गते काठमाण्डौमा आन्दोलन गर्ने जनाएको छ। पार्टीका नेता खड्ग बहादुर विश्वकर्मा 'प्रकाण्ड' ले सोमवार राजधानीमा पार्टीको पहिलो चरणको आन्दोलन हुने जनाएको छ । उनले एमसीसी जनताहरुले नमान्दा नमान्दै जवर जस्ती नगर्न देउवा नेतृत्वका सरकारलाई आग्रह समेत गरे।



उनले देउवालाई मुर्खता नगर्न चेतावनी दिँदै एमसीसीको विरुद्धमा आफुहरुको खरो बिरोध उत्रिने जनाएको छ। पछिल्लो समय एमसीसी उपाध्यक्ष फतिमा सुमार ४ दिने नेपाल भ्रमण सहित एमसीसी पास गराउने प्रयासमा आएको भन्दै एमसीसी विरोधी नेपाली जनता तथा बिभिन्न पार्टीहरुले बिरोध जनाउँदै आएको छ। यस मध्य विप्लव पार्टी यसको बिरुद्धमा पहिल्यै बाट कडा बिरोधमा उत्रिएका पार्टी हुन्।एमसीसीलाई नेपालबाट सधैंका लागि भगाउन एकखालको आन्दोलनको आवश्यकता रहेको 'प्रकाण्ड' ले बताए ।

एमसीसी राष्ट्रियतासँग सम्बन्धित मात्र नभए देशको जलस्रोतलगायत अन्य प्रकृति संरक्षणको विषयसमेत रहेको बताउँदै उनले यसको विरुद्धमा सबै एकजुट हुनुपर्ने बताए ।एमसीसीको विषयमा आयोजना गरिएको पत्रकार सम्मेलनमा उनले *बाकी ३ पेजमा-*

# बिप्लब नेकपाले एमसीसी सम्झौतापत्र जलायो

❖ मुलुकी सवाददाता



*गाईघाट, भदौ २६*

अमेरिकन सहयोग नियोग मिल्लेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)ले नेपाली राष्ट्रियतामाथि आँच आउने हुनाले खारेज गर्नुपर्ने देशव्यापी मागप्रति सहमति जनाउँदै नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले शनिबार सम्झौतापत्र जलाएको छ। एमसीसीको बिरोध गर्दै आएको बिप्लब समुहको नेकपाले सदरमुकाम गाईघाटलगायत*बाकि ३ पेजमा-*

## सगरमाथा यातायात



गाईघाटदेखि काठमाडौ र काठमाडौदेखि गाईघाट सम्मको सुबिधा सम्पन्न यात्राको लागि सगरमाथा यातायात । भोला खड्का । सम्पर्क - ९८४०४१९८१२












Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



सम्पादकीय

## सडकपेटीको फलामे बारमा पनि बिभेद

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार क्षेत्रमा रहेको मदनभण्डारी लोकमार्ग अर्न्तगत पर्ने सडक्पेटीमा लगाईएको फलामको बार बिभेदपुर्ण तरिकाले लगाईएको छ । असारी बाट आउँदा बस्वा खोलाको पुल तरेपछि पुरानो गाईघाट चोक, लालिगुरास बोडिङ, जिके पुस्तक पसल, बैङ्क लाईन चोक, मेन चोक, बाङ्गेलाईन चोक, फिलिम हल लाईन चोक हुँदै आँखा अस्पतालचोकसम्म कसरी के आधारमा सडकपेटीमा खुल्ला र बन्द गरियो स्पष्ट मापदण्ड बिना नै बनाईएको पाईएको छ । तल्लो लाईनमा हरेक ५ मिटरमा खुल्ला गरिएको छ भने माथिल्लो लाईन सबै बन्द छ । सडक विभागको मापद्धन्द भित्र नै त्यस्तो त पक्कै नहुनुपर्ने हो । के को आधारमा कसरी त्यस्तो फलामे बार लगाईयो ? गाईघाट बजारमा मदन भण्डारी लोक मार्ग अर्न्तगत सडक छेउछाउँमा चारपाङ्ग्रे गाडी हुनेहरु या किन्न चाहानेहरुले सो सुविधा बाट बञ्चित हुनुपरेको छ ।

अझ भनौ अहिले जे जति सो क्षेत्रमा सडकपेटी छेक्ने फलामको बार लगाईएको छ सो कार्य मनोमानी ढंगले गरिएको पाईएको छ । मुख्य सडकबाट सहायक सडक जाने बाटोमा खुल्ला छोड्न जायज हो र छोड्नुपर्छ । ति बाहेक कोहीको घर, पसललाई सजिलो हुने गरी खुल्ला छोड्नु र कोहीलाई बन्द गरिनु जायज होईन । मुख्य सडक लोकमार्ग भएका कारण त्यसरी सहायक सडक बाहेक्को ठाउँमा बाटो खुल्ला छोडिदिदा सडकमा सवारी दुर्घटना हुने बढि सम्भावना हुन्छ भने यो कार्य न्यायोचित भने पक्कै होइन । अहिले त्यस्तो गलत कार्य बजार क्षेत्रमा करिब ४० वटा ठाउँ भन्दा बढि क्षेत्रमा भएको छ । सडक ठुलाबडा कुरा बिक्ने बोल्नेहरुको लागि मात्र होकी सबैको लागि हो ? यो प्रश्नको जबाफ सडक विभागले दिनुपर्दछ । बोल्ने नेता ब्यापारी भनाउँदाको पसल, घर अगाडी खुल्ला छोड्ने अनि अन्य ब्याक्तिले भन्दा चाँहि खुल्ला छोड्न नमिल्ने ? हो कानुन सबैलाई समान हुन्छ भने अहिले जे जति मापदण्ड बिपरित बजार क्षेत्रमा खुल्ला गरिएको त्यस्तो बार टालिनुपर्दछ । होइन भने पसलवाला र घरपेटीवालाको माग अनुसार सबैलाई आफ्नो घर अगाडी सडक पेटीको बार खुल्ला गरिनुपर्दछ ।

मदन भण्डारी लोकमार्ग भएका कारण सवारी साधनको चाप बढि हुन्छ । त्यसमा अझ सवारी गति बढि हुने भएकाले पनि अहिले भएको सडकपेटीको बार काटिएको ठाउँमा टालिनुपर्दछ । यति नगरिए कानुन सबैलाई समान नहुने देखिन्छ । कसैलाई घर अगाडी छिर्न बाटो खुल्ला गरिनु र कसैलाई आफ्नो घर भित्र छिर्न सडकपेटीको घुमाउरो बाटो भएर आउनु सबैलाई न्यायोचित भएन । सडक विभागले यस्तो कार्यलाई तुरुन्त सच्याउनुपर्दछ । तुरुन्त खुल्ला छाडिएको ठाउँमा टालेर बन्द गरेर सवारी दुर्घटना हुन बाट बचाउनुपर्दछ ।

# राजनीतिमा चम्किएका उदयपुर कटारी बेलस्रोतका कला घले

❖ भावना बान्तवा राई

कला घलेलाई समयले यसरी पछ्यायो कि उनको काम गर्ने शैलीले गर्दा सधैं सफलताको शिखरमा पुर्यायो । उनका बुवा खम्वबहादुर घले र आमा महमायाका साईली छोरी हुन् कला घले । ३ छोरा र ६ छोरी गरी जम्मा ९ सन्तान मध्ये उनि साईलि छोरी मात्र राजनीतिमा लागिन् ।

उनको जन्म सुनसरी जिल्ला महेन्द्रनगर गाउ पञ्चायत वडा नं. ४ मा २0२0 साल साउन २० गत्ते विहिवारका दिन भएको थियो । उनका जेठो दाजु हरिवहादुर घले नेपाली सेनामा संगै वन विभागबाट सेवा निबृत हुन् । अर्का दाजु रमेशकुमार घले जेटिए हुन् । उनका भाई बैदेशिक रोजगारमा छन् र उनका जेठि दिदी नर्वदा घले, माईली दिदी विमला घले दुवै जना शिक्षिका हुन् ।

उनले २०४० सालमा बालकृष्ण बिष्टसंग प्रेम विवाह गरेकि थिन् । उनको दुई सन्तान छोरा बिजल बिष्ट र छोरी सिर्जना बिष्ट छन् । २0३६ सालमा उनले कक्षा ८ सम्म पढ्दा पढदै आफन्तहरुको प्रेरणा र सँगतले विद्यार्थी जिवनमै राजनिति क्षेत्रमा लागिन् ।

उनले एस्.एल.सि २0३९ सालमा दिएर कलेज सिराहामा अध्यन गरेकी थिइन ।



२0३८ साल १९ बर्षको उमेरमा उनले चौथो महाधिबेशनबाट फुटेको पाटिबाट संगठित सदस्यबाट राजनितिक क्षेत्रमा हात हालिन् । २०४६ सालबाट उनले धेरै पाटिको जिम्मेवारी बहन गरिन । उनले २०५१ सालमा नेकपा एमालेबाट गाउ कमिटी सदस्य बनिन् । अनेमा सघंको उपाध्यक्ष सँगै कोषाध्यक्ष समेत भइन् । लगत्तै नेकपा एमालेको जिल्ला कमिटीबाट मनोनित सदस्य पनि भइन् । त्यसपछि २0६९ साल फागुन २९ गत्ते उनि अनेमा सघंको छैटौ जिल्ला अधिवेशनमा जिल्ला उपाध्यक्ष भइन् । २0७४ सालमा एक नम्बर प्रदेशको लागि उदयपुर जिल्लाको निर्बाचन क्षेत्र नम्बर दुईको क केन्द्रबाट प्रदेश सांसदको निर्बाचनमा बिजयी बनिन । २0७७ साल चैत्र १३ गत्ते प्रदेश नं. १ को भुमि ब्यवस्था कृषि तथा सहकारी राज्य मन्त्रि भएकि घलेको ६ महिना काम गरिन् । कोविडले गर्दा आफु अस्वस्थ भएका कारण घलेले भने जस्तो सोचे जस्तो काम गर्न पाईनन् ।

सम्पुर्ण महिला हक अधिकार प्राप्तिका लागि समानुपातिक नियुक्ति हुनुपर्छ भन्ने भावना संविधानको ब्यबस्था रहेको थियो । २0६४ सालमा प्रतिनिधि सभाको निर्वाचन भएसँगै संविधानले समानुपातिक समावेकिरण निति ल्याए पनि त्यो नीति ब्यबहारमा लागु भने नभएको उनको बुझाई छ ।

उनका अनुभव अनुसार एउटा नेता बन्दा नेताले खेल्नुपर्ने भुमिका धेरै हुन्छन् त्यसमा जनताहरुको सामाजिक र भौतिक विकास, नितिगत कुराहरु, नियम ब्यबहारिक बन्न नसकेको घले ठम्याउछिन् ।

सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर । सम्पर्क – ९८११७५०८४४



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## नेकपा...

चोईटिएर गएको भन्दै त्यसले पार्टीलाई केही फरक नपर्ने बताएका थिए । निर्वाचन आयोगबाटै कानुनी मान्यता पाएर एमाले र जसपाबाट अलग भएका एस र लोसपामा जान चाहने जनप्रतिनिधिलाई निर्वाचन आयोगले भदौ २२ गतेसम्म दल रोज्ने समय दिएको थियो । जस अनुसार उदयपुरका ८ स्थानीयतहमध्ये त्रियुगा नगरप्रमुख बलदेव चौधरी र उदयपुरगढी गाउँपालिका अध्यक्ष मानबहादुर केप्छाकी मगरले नेकपा (एस) रोजेका छन् । त्यस्तै, जिल्ला समन्वय समिति सदस्य चीनवीर दनुवार, ५ जना वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यगरी २८ जनाले एमाले त्यागेका छन् । एमालेलेकै भाषामा १३ दशमलव २ प्रतिशत जनप्रतिनिधिले नेकपा (एस) रोजेका छन् । २०७४ को स्थानीयतह चुनावमा कुल २ सय १० जना निर्वाचन र ८ जना मनोनित प्रतिनिधिमध्ये २८ ले नेकपा (एस) रोजेपछि अब एमालेमा १ सय ९० बाँकी छन् । ४ नगरपालिकामध्ये चौदण्डीगढीमा कांग्रेस र बाँकी ३ नगरप्रमुख तथा ४ गाउँपालिकामध्ये लिमचुङबुङमा नेकपा (माओबादी केन्द्र)बाहेक ३ मा अध्यक्ष एमालेकै पोल्टामा परेको थियो । दुई नगरमा उपप्रमुख र ३ गाउँपालिकामा उपाध्यक्ष तथा ७५ वडामध्ये ३१ वडाध्यक्ष एमालेले जितेको थियो । जिल्ला जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुखसहित सेटै एमालेबाट विजयी रहेकोमा एक सदस्य चीनवीर दनुवारले नेकपा (एस) रोजेका छन् ।

## एमसीसी...

एमसीसीको विरुद्धमा पार्टीले आन्दोलनको कार्यक्रम घोषणा गरेको जानकारी गराउँदै संसद्बाट एमसीसी पास गराउने षड्यन्त्र भइरहेको बताए । प्रधानमन्त्री शेरबहादुर देउवाले मूर्खता गरे भने देश आन्दोलनको भुमरीमा फस्ने चेतावनी उनले दिए ।

एमसीसीलाई समाजका हरेक तप्काले विरोध गर्दै आइरहेको र विरोध गर्न कोही पनि बाँकी नरहेको बताउँदै नेता प्रकाण्डले यस अवस्थामा पनि संसद्बाट पारित गराउने प्रयास भइरहेको दाबी गरे । 'यहाँसम्म कि एमसीसीको बारेमा सत्तारुढ गठबन्धनमै विवाद भइरहेको छ, उनीहरूकै बीचमा सहमति भएको छैन ।

यस अवस्थामा पनि त्यसलाई पारित गराउने प्रपञ्च भइरहेको छ,' उनले दाबी गरे । जति प्रपञ्च भएपनि आफूहरूको दल त्यसको विरुद्धमा उभिने बताउँदै उनले संसदीय दलहरू विदेशी सामु घुँडा टेकेको आरोप लगाए । आफूहरूको दल एमसीसीको विरुद्ध सङ्घर्षमा रहेको बताउँदै उनले ५० करोड अमेरिकी डलरमा देशलाई बेच्न खोजेको आरोप लगाए ।नेपालकै रकमलाई राम्रोसँग खर्च गरियो विकास पर्याप्त हुने तर ५० करोड अमेरिकी डलरमा कमिसन खान पाइन्छ भन्दै केही नेताहरू त्यो पास हुनैपर्ने अडानमा रहेको उनले दाबी गरे । यदि एमसीसी पास भएर लागु भयो भने देशमा आन्दोलनको आँधीबेहरी ल्याउने चेतावनी पनि दिए ।

## बिप्लब...

जिल्लाका ८ वटै स्थानीयतहमा सम्झौतापत्र जलाएको हो ।

पार्टीले गरेको आधिकारिक निर्णय अनुसार सम्झौतापत्र जलाएर विरोध प्रदर्शन गरेको जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य बिबेक कुमालले बताए । उनका अनुसार जिल्ला कमिटी, स्थानीयतह कमिटी, विद्यार्थी, युवालगायत पार्टी पदाधिकारी र जनबर्गीय संगठनहरुको आयोजनामा सम्झौतापत्र जिल्लाभरी एकैचोटी दहन गरिएको छ । पार्टीको केन्द्रीय निर्णय र सर्कुलरमा देशव्यापी रुपमा एमसीसी सम्झौतापत्र दहन गर्ने कार्यक्रम अनुसार उदयपुरमा पनि दहन गरिएको उनले बताए ।केन्द्रीय सदस्य कुमाल र आफुले कटारी नगरपालिका १४ को सोरुङछविसेस्थित बरडाँडामा आयोजित एक कार्यक्रममा एमसीसी सम्झौतापत्र संयुक्त रुपमा दहन गरेको पार्टीका जिल्ला सेक्रेटरी लक्ष्मण पौड्यालले बताए । पौड्यालका अनुसार त्यहाँजस्तै सदरमुकाम गाईघाट, कटारी बजार, ताप्ली, रौतामाई र लिमचुङबुङ गाउँपालिका तथा बेलका र चौदण्डीगढी गनरपालिकाहरुमा पनि छुट्टाछुट्टै कार्यक्रम आयोजना गरी एमसीसी सम्झौतापत्र दहन गरिएको छ । दिउँसो १ देखि ५ बजेसम्ममा सबै स्थानीयतहमा सम्झौतापत्र दहन कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको पौड्यालले बताए ।

एमसीसी सम्झौता सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको स्वाभिमानमाथि प्रत्यक्ष आँच पुग्ने खालको भएको ठहर पार्टीले गरेको उनले बताए । त्यसैले सोझै खारेज गर्नुपर्ने माग अघि बढाउँदै सरकारले खारेज नगरे बिरोधका चरणबद्ध कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको पार्टीले जनाएको छ । नेपालीको स्वाभिमानमाथि आँच पुग्ने, अमेरिका र इन्डो प्यासिफिक रणनीतिअन्तगत रहेर नेपालमा लागू गर्दै देशबासीलाई गुलाम बनाउने योजनाका साथ ल्याइएको हुनाले एमसीसी कुनै पनि हालतमा लागू हुन नहुने अडा नेकपाको रहेको पौड्यालले बताए ।

सहयोग लिने नाममा नेताहरुले आफ्नो स्वार्थ पूर्ति गर्ने उदेश्यले एमसीसी लागू गर्नखोजेको भन्दै संशोधन वा परिमार्जनको नाममा नेताहरुले एमसीसी लागू गर्न खोजिएको भन्दै आफ्नो पार्टी किमार्थ लागू गर्नदिने पक्षमा नरहेको उनले बताए ।

सहयोग लिने नाममा जनतालाई दास र गुलाम बन्नबाट रोक्न यो सम्झौता सरासर खारेज हुनुपर्छ भन्ने नीति पार्टीले यसअघि नै गरिसकेको हुनाले निर्णय कार्यान्वयन गर्न सम्झौतापत्र दहन कार्यक्रम देशव्यापी चलाइएको पार्टीले जनाएको छ ।













Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# नेकपा(एस)का कार्यकर्ता फर्काउन एमालेको समयसीमा

d'n'sL ;+jffbftf

*गाईघाट, भदौ २६*

माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजबादी)मा गएका नेता कार्यकर्तालाई फर्काउन नेकपा (एमाले)ले दुईदिन समय दिएको छ। नेकपा (एकीकृत समाजबादी)ले अध्यक्ष आफ्नो ठाउँमा राममणि पोखरेललाई अध्यक्ष बनाएर पुरानै समितिलाई चलायमान बनाएकै दिन एमालेले फर्कन चाहने नेता कार्यकर्ताका लागि दुईदिन समयसीमा तोकेको हो ।




एमाले अध्यक्ष तत्कालीन प्रधानमन्त्री केपी ओलीले दुईपटक संसद बिघटन गरेपछि माधव समूहले एमालेकै अध्यक्ष इश्वरमणि राउतको अध्यक्षतामै समानान्तर कमिटी बनाएको थियो । तर, पार्टी बिभाजनपछि अध्यक्ष इश्वरमणि राउत एमालेमै रहने भएपछि उनलाई कारबाही गर्दै पोखरेलको अध्यक्षतामा समानान्तर समितिलाई नेकपा (एस)को जिल्ला कमिटीमा परिणत गरेको कुरा बुधबार साँझ पत्रकार सम्मेलन गरी जानकारी दिएको थियो ।

यता एसले पत्रकार सम्मेलन गरेकै समयमा उता एमालेले पनि पार्टी कार्यालयमा पत्रकार सम्मेलन गर्दै मुलघर फर्कन चाहने नेता कार्यकर्तालाई दुईदिनको समय दिने जानकारी गराएको हो । तेस्रो धारले १० बुँदे सहमति कार्यान्वयन गराउँने सहमतिका साथ पार्टी संरचनालाई ०७५ जेठ २ गतेको अवस्थामा फकाउने भएपछि आफु संस्थापनपक्षमा बस्ने निर्णय गरेको भन्दै राउतलले घर फर्कन चाहनेहरुलाई दुईदिन समय दिइने बताए। एमालेले खासगरी नेकपा (एस) रोजेर निर्वाचन कार्यालयमा सनाखत गरेका २८ जनप्रतिनिधिलाई लक्षित गर्दै यो कदम चालेको हो ।

पत्रकार सम्मेलनमा एमाले केन्द्रीय सदस्य मञ्जुकुमारी चौधरीले घर फर्कन चाहने नेता कार्यकर्ताका लागि दुईदिन पर्खने र फर्केको खण्डमा पुरानै जिम्मेवारीमा राखिने र नफर्कनेहरुलाई जिम्वेवारीमुक्त गर्ने निर्णय भएको बताईन् । पदको लोभलालचमा परेर केही साथीहरुले पार्टी चोईट्याएको भन्दै केन्द्रीय सदस्य चौधरीले त्यस्ता जनप्रतिनिधि र नेता कार्यकर्ताहरुलाई आफ्नै घर फर्कन आव्हान गरिन्। अध्यक्ष चौधरीले 'हिजो सूर्य चिन्हबाट निर्वाचित भएका जनप्रतिनिधिहरु जनतासँग गरेको वाचा र प्रतिबद्धता पुरा गर्न पुरानै घर फर्कनुपर्ने भन्दै अहिले पनि घर फर्कदा केही नबिग्रेको बताए ।

लोभलालच, प्रलोभन र धाकधम्कीमा परेर गएको भए घर फर्कदा केही फरक नपर्ने भन्दै उनले पुरानो घर फर्कनकै लागि पार्टीले दुई दिनको समय दिएको र यसलाई सुनौलो अवसर ठानेर आउन आग्रह गरे। उनले १० बुँदे सहमति अक्षरश: कार्यान्वयन गर्न पार्टी नेतृत्व तयार रहेको हुनाले कम्युनिष्ट आन्दोलनबाट भाग्न नहुने बताए।एमाले २०७५ जेठ २ मा फर्कपछि १ सय ३ सदस्यीय जिल्ला कमिटी ३५ सदस्यीय सचिवालय र क्षेत्रीयत्र, नगर, गाउँपालिका, वडा कमिटी र जनवर्गीय संगठन तथा त्यसका इन्चार्ज, सहइर्न्चाज र पदाधिकारी पुरानै अवस्थामा पुनर्स्थापित हुने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

जिल्ला सचिव प्रमेश घिमिरेले एकताबद्ध एमाले बनाउन गाउँसम्म संगठन अभियान सञ्चालन गर्नुपर्ने भन्दै एसमा गएकाहरुलाई पुन घर फर्कन आग्रह गरे। माधव नेपाल समूहबाटै सचिब भएका घिमिरे ओलीको संसद बिघटनको कदमलाई प्रतिगामी भन्दै भएको आन्दोलनमा सहिक भई केहीदिनपछि ओली खेमामा गएर जिल्ला अध्यक्ष भएका थिए ।

पार्टी छाड्नेहरुलाई एकपटक अवसर दिन बैठकमा बोलाउने, नआए जिम्मेवारीमुक्त गरेर अघि बढ्ने जनाएको छ । बिभाजनपछि बसेको पहिलो बैठकले असोज मसान्तभित्र पार्टीको संगठित सदस्यता नविकरण र नयाँ सदस्यता वितरणको काम सुरु गर्ने निर्णय गरेको पनि जनाइएको छ । प्रदेश सांसदहरु बिमल कार्की र अम्बिका थापाले सीमित जनप्रतिनिधि मात्र एमालेबाट *बाकी ३ पेजमा-*



यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ । साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराइन्छ ।












प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट